नाम्खा गाउँपालिका
ཨོཾ། ནམ་མཁའ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
गाँउ कार्यपालिकाको कार्यालय
याल्बाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या: २०८०।०८१ चलानी नः मितिः २०८०।०८।१८

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धि सुचना ।
## (प्रथम पटक प्रकाशित मितिः २०८०।०८।१८)

यस नाम्खा गाउँपालिकाको कार्यालयमा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकाले करार सेवामा नियूक्ति भई देहायको शर्तको अधिनमा रहि कामकाज गर्न इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरु बाट आवेदन आव्हान गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १।२०८०।०८१ | सुचना प्रविधि अधिकृत (IT Officer) | १(एक) | |
| २ | २।२०८०।०८१ | कृषि स्नातक(अधिकृत स्तर छैटौं) | १(एक) | |
| ३ | ३।२०८०।०८१ | MIS Operator | १(एक) | |
| ४ | ४।२०८०।०८१ | सव ईन्जिनियर(पाँचौं) | १(एक) | LAPA कार्यक्रम |
| ५ | ५।२०८०।०८१ | सामाजिक परिचालक | १(एक) | LAPA कार्यक्रम |

**न्युनतम शैक्षिक योग्यताः** सुचना प्रविधि अधिकृत पदको लागी लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्था बाट Computer वा information Technologies वा सो सरहको बिषयहरु मध्य कुनै एक बिषय लिई स्नातक(BIT,BIM,BBIS,BCA,BCIS,BEIT,BSCIT,BSCCSIT) उतिर्ण गरेको ।कृषि स्नातक पदको लागी कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उतिर्ण गरेको। MIS Operator पदको लागी Computer बिषयमा Diploma गरेको ।सव ईन्जिनियर पदको लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ बिषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण।सामाजिक परिचालक पदको लागी जुनसुकै बिषय बाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको ।

**परिक्षाको किसिमः**लिखित र अन्तरवार्ता ।

**आवेदन दिनुपर्ने अन्तिम मितिः**सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र ।

**आवेदन दिनुपर्ने स्थानः** नाम्खा गाउँपालिकाको कार्यालय,याल्बाङ हुम्ला ।

**उम्मेदवारको उमेरको हदः** सुचना प्रविधि अधिकृत र कृषि स्नातक पदको लागी २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको(महिलाको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको) र बाँकी पदहरुका लागी १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको(महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको)

**दरखास्त दस्तुरः**विज्ञापन नं १र२ का लागी रु १००० र बाँकी विज्ञापन हरुका लागी रु ५०० दस्तुर वापतको रकम यस गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि भौचर पेश गर्नुपर्ने छ ।

**दरखास्त फारमः** दरखास्त फारम गाउँपालिकाको कार्यालय बाट प्राप्त गर्न सकिने छ । दरखास्त फारम साथ शैक्षिक योग्यताको प्रमाण पत्र,नागरिकता लगायत अनुभवका प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

**नोटः लिखित परिक्षा मितिको सुचना पछि प्रकाशन गरिनेछ ।**
**थप जानकारीको लागी कार्यालयमा सम्पर्क गर्नुहोला ।**

शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत
**शैलेश किरण राई चाम्लिङ**
**प्रमुख प्रशासकीय अधिकृत**

फोननम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np,ईमेलः info@namkhamun.gov.np